बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
# डिभिजन वन कार्यालय, रसुवा
धुन्चे, रसुवा, नेपाल

पत्र संख्याः०८२/०८३
चलानी नं:

मितिः २०८३/०१/२३

**विषयः सम्बन्धित संस्थाको सहकार्यमा धार्मिक/ऐतिहासिक/पर्यटकीय/पुरातात्विक महत्वका स्थानहरुलाई प्रदूषणमुक्त गर्न सरसफाई अभियान सञ्चालनका लागि प्रस्ताव आह्वान सम्बन्धी सार्वजनिक सूचना**

*(प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०१/२३)*

प्रस्तुत विषयमा यस कार्यालयको चालु आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम वातावरण संरक्षण तथा शहरी वन कार्यक्रम तर्फको (ब.उ.शि.नं. ३२९००१०३) अन्तर्गत खर्च शीर्षक २२५२२, क्र.सं. २.७.२१.५० अन्तर्गत **"सम्बन्धित संस्थाको सहकार्यमा धार्मिक/ऐतिहासिक/पर्यटकीय/पुरातात्विक महत्वका स्थानहरुलाई प्रदूषणमुक्त गर्न सरसफाई अभियान सञ्चालन"** कार्यक्रम कार्यान्वयन गर्नका लागि बजेट रु. २,१०,०००।—(अक्षरुपी दुई लाख दश हजार मात्र) विनियोजन भई आएको हुँदा उक्त कार्यक्रम सञ्चालन गर्न इच्छुक सामुदायिक संस्था, उपभोक्ता समूह, आमा समूह, युवा क्लब, स्थानीय तह, सहकारी संस्था, विद्यालय, गैरसरकारी संस्था, फर्म/कम्पनी लगायतका संस्थाबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र तपसिलमा उल्लेखित कागजातहरू संलग्न गरी कार्ययोजना सहितको प्रस्ताव पेश गर्न हुन अनुरोध गरिन्छ। रित नपुगेका तथा म्याद नाघी प्राप्त हुने प्रस्ताव उपर कुनै कारबाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

१. निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरू:
- धार्मिक/ऐतिहासिक/पर्यटकीय/पुरातात्विक क्षेत्रको सरसफाई तथा प्रदूषण न्यूनीकरण सम्बन्धी विस्तृत कार्ययोजना/प्रस्ताव,
- संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि, संस्था नवीकरण तथा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नं. (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि, संस्थाको निर्णयको प्रतिलिपि, बैंक खाता सञ्चालन सम्बन्धी प्रमाणपत्र,
- कार्यक्रम सञ्चालन पश्चात् सरसफाई तथा संरक्षणलाई निरन्तरता दिने प्रतिबद्धता पत्र,
- सम्बन्धित सब डिभिजन वन कार्यालयको स्थलगत सम्भाव्यता प्रतिवेदन।
- सम्बन्धित स्थानीय तहको सिफारिस पत्र,

२. प्रस्तावनामा खुल्न पर्ने विषयहरु:
- कार्यक्रम सञ्चालन गरिने स्थानको विवरण, महत्व तथा हालको अवस्थाको संक्षिप्त विवरण,
- कार्यक्रमबाट अपेक्षित उपलब्धि तथा दीगो व्यवस्थापन योजना,
- सम्बन्धित स्थानमा कार्यक्रम सञ्चालन गर्नुपर्ने औचित्य खुल्ने फोटो तथा विवरण,

३. प्रस्तावना पेश गर्दा प्रस्तावकको नाम, ठेगाना, सम्पर्क नम्बर स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।

४. प्रस्ताव पेश गर्ने अन्तिम मिति र समयः २०८३/०२/०७ गते कार्यालय समयभित्र। सो दिन विदा परेमा सो पछि कार्यालय खुल्ने दिन।

५. प्रस्ताव पेश गर्ने निकाय/स्थानः डिभिजन वन कार्यालय रसुवा, धुन्चे

थप जानकारीका लागि डिभिजन वन कार्यालय रसुवा, धुन्चे र अन्तर्गतका बेत्रावती सव डिभिजन वन कार्यालय, डाँडागाउँ र थाम्बुचेत सब डिभिजन वन कार्यालय, थाम्बुचेतमा सम्पर्क गर्नु हुन अनुरोध छ ।
सम्पर्क नं.: ०१०-५४०१०७, मोबाईल नं. ९८५१४१००१५, ९८५१४१००१६ र ९८५१४१००१७

☎ ०१०-५४०१०७
इमेल:rasdfo2076@gmail.com; rasdfo.mofe@bagamati.gov.np ; वेवसाइट: https://www.dforasuwa.gov.np